मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

वर्ष ४ • अंक ३६ • २०८२ साल पौष ०३ गते बिहीबार • Thursday 18, December 2025 • सूर्योदय: बिहान ०६:४८ बजे • सूर्यास्त: साँझ ५:१५ बजे • पृष्ठ ४ • मूल्य रु. ५/-

## जनमत छाडेकै दिन चौधरी जसपा नेपालमा प्रवेश

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनमत पार्टीका मधेश प्रदेशका वरिष्ठ उपाध्यक्ष भरत चौधरीले पार्टी छाडेकै दिन जनता समाजवादी पार्टी (जसपा) नेपालमा प्रवेश गरेका छन् ।
बुधबार जसपा नेपालको केन्द्रीय कार्यालयमा आयोजित कार्यक्रममा अध्यक्ष उपेन्द्र यादवको उपस्थितिमा चौधरी पार्टी प्रवेश गरेका हुन् ।
यादवले चौधरीलाई पार्टीको सदस्यता प्रदान गर्दै स्वागत गरे । चौधरीले मधेशका मुद्दा, अधिकार र पहिचानको संघर्षलाई संस्थागत रूपले अगाडि बढाउन जसपा नेपाल उपयुक्त राजनीतिक शक्ति भएको बताए ।
जसपा नेपालका प्रदेश अध्यक्ष बालकिशोर यादव, सर्लाही जिल्ला अध्यक्ष रणधीर यादव, केन्द्रीय सदस्य पेशल ढकाल, कविलासि नगरपालिकाका पूर्वमेयर कौशलकिशोर यादव तथा बसबरिया गाउँपालिका अध्यक्ष राम सिहासन रायलगायतका नेताको उपस्थिति थियो ।

# मधेशमा नेपाली कांग्रेसको सदस्यता नवीकरणमा विवादैविवाद



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेपाली कांग्रेसले १५औँ महाधिवेशन र आगामी प्रतिनिधिसभा निर्वाचनलाई लक्षित गर्दै मधेशमा थालेको सदस्यता नवीकरण र नयाँ सदस्यता वितरण प्रक्रिया विवादित बन्दै गइरहेको छ । संगठन विस्तारको आधार मानिने यो प्रक्रिया अधिकांश जिल्लामा विवाद, प्राविधिक कमजोरी र आन्तरिक असहमतिको घेरामा परेको छ । समयसीमाभित्र सदस्यता टुंग्याउने लक्ष्य राखिए पनि अवस्था हेर्दा त्यो सम्भव देखिँदैन ।
मधेश प्रदेश नेपाली कांग्रेसको परम्परागत प्रभाव क्षेत्र हो । यहाँको संगठन बलियो भए पनि पछिल्लो समय नेतृत्व तहमा देखिएको अविश्वास, गुटगत राजनीति र विधानको फरक–फरक व्याख्याले संगठनात्मक प्रक्रिया नै प्रभावित बनेको देखिन्छ । सदस्यता वितरण जस्तो आधारभूत विषयमा समेत विवाद चुलिनु पार्टीभित्रको संरचनागत समस्याको संकेतका रूपमा हेरिएको छ ।
धनुषा जिल्लामा समग्र रूपमा ठूलो विवाद नरहेको दाबी गरिए पनि प्रक्रिया पूर्ण रूपमा सहज छैन । केही वडामा फारम व्यवस्थापन र विवरण मिलानमा समस्या देखिएको छ । यस्ता समस्या समाधान गर्न जिल्ला नेतृत्वले केही दिन थप समय आवश्यक पर्ने बताएको छ । धनुषामा हजारौँ नयाँ सदस्य थपिने र पुराना सदस्यहरूको ठूलो संख्यामा नवीकरण हुने अनुमान गरिएको छ, जसले पार्टीको आधार विस्तार भएको देखाउँछ । तर संख्यात्मक विस्तारसँगै प्रक्रिया पारदर्शी र सर्वस्वीकार्य हुनु पनि उत्तिकै आवश्यक देखिन्छ ।
महोत्तरीमा पनि अवस्था मिल्दोजुल्दो छ । फारममा नम्बर उल्लेख गर्दा देखिएको प्राविधिक त्रुटिले प्रक्रिया ढिलो भएको छ । जिल्लामा ठूला विवाद नभए पनि सबै पक्षलाई सन्तुष्ट पार्दै काम टुंग्याउन समय लाग्ने देखिन्छ । यहाँको समस्या व्यवस्थापन र समन्वयको अभावसँग बढी जोडिएको देखिन्छ ।
सर्लाहीमा भने सदस्यता प्रक्रिया नै गम्भीर विवादमा फसेको छ । नयाँ सदस्यताका फारममा नम्बुरिङको विषयले विवाद चर्किंदा काम प्रकृया अहिले लगभग ठप्पजस्तै भएको छ । क्षेत्र–क्षेत्रमा फरक मत देखिँदा जिल्ला नेतृत्वलाई सामूहिक सहमतिमा पुग्न कठिन भएको छ । तोकिएको समयसीमाभित्र प्रक्रिया सम्पन्न हुन नसक्ने अवस्था देखिँदा केन्द्रले हस्तक्षेप नगरे समस्या थप जटिल हुने संकेत देखिन्छ ।
पर्सामा सदस्यता सिफारिसको अधिकांश प्रकृया सम्पन्न भइसकेको दाबी गरिएको छ । तर किसानहरूको व्यस्तताले वडा तहका बैठकहरू सक्रिय हुन सकेका छैनन् । बाहिर हेर्दा ठूलो विवाद नदेखिए पनि प्रक्रिया ढिलाइ हुनु संगठनात्मक कमजोरीकै परिणाम हो ।
बारा जिल्लामा भने स्थिति बाहिर सामान्य देखिएको छ तर भित्री रूपमा गम्भीर आरोप–प्रत्यारोप चलेका छन् । जिल्ला नेतृत्वमाथि विधानविपरीत काम गरेको आरोप लाग्दा संगठनभित्रको विश्वास कमजोर बनेको छ । केही क्षेत्रीय सभापतिको भूमिकामाथि प्रश्न उठ्नु र त्यसमा जिल्ला सभापतिको समेत संलग्नता रहेको आरोपले विवादलाई झन् चर्काएको छ । बारामा विवाद समाधानका लागि केन्द्रीय प्रतिनिधि खटाइनु आफैँमा समस्या गहिरो रहेको संकेत हो । केन्द्रीय प्रतिनिधिको उपस्थितिमा भएको लिखित सहमति कार्यान्वयन हुन नसक्दा केन्द्रको प्रभावकारिता र अनुगमन क्षमतामाथि समेत प्रश्न उठेको छ । सहमति भएको केही महिनामै त्यसको उल्लंघन हुनु पार्टीभित्रको अनुशासन कमजोर भएको उदाहरणका रूपमा हेरिएको छ ।
सप्तरीमा सदस्यता प्रक्रिया निकै सुस्त गतिमा अघि बढिरहेको छ । जिल्लामा विवाद रहेको स्वीकार गरिए पनि समाधानको प्रयास जारी रहेको नेताहरु बताउँछन् । तर हालसम्म थोरै मात्र सदस्यता टुंगिनुले समयसीमा थप नगरी काम सम्पन्न नहुने स्पष्ट देखिन्छ ।
सिरहामा भने आधाजसो प्रक्रिया सम्पन्न भइसकेको छ । केही क्षेत्रमा काम सकिए पनि अन्य क्षेत्रमा किसानहरूको व्यस्तता र वडा तहको निष्क्रियताले काम रोकिएको छ ।
नयाँ सदस्यताका फारममा नम्बरिङ नहुँदा अन्योल बढे पनि केन्द्रसँगको छलफलपछि समाधान हुने आशा गरिएको छ । हुन त नेपाली कांग्रेसले नम्बरिङमा देखिएको त्रुटीवाला फाराम रद्द गरिसकेको छ । यसका साथै नयाँ फारामसमेत पठाउन लागेको छ ।
सप्तरीमा प्रतिनिधिसभा निर्वाचनका लागि उम्मेदवार सिफारिस गर्दा क्षेत्रीय समितिको सिफारिस बेवास्ता गरिएको आरोप लाग्नुले अर्को विवाद जन्माएको छ । पार्टीको केन्द्रीय परिपत्रअनुसारको प्रक्रिया नअपनाइएको भन्दै असन्तुष्ट पक्षहरूले प्रतिशोधको भावना देखिएको आरोप लगाएका छन् । यसले निर्वाचन तयारी भन्दा पनि आन्तरिक द्वन्द्वलाई प्राथमिकतामा राखिएको आभाष दिन्छ ।
रौतहटमा भने अधिकांश सदस्यता नवीकरण सम्पन्न भइसकेको छ र ठूलो विवाद देखिएको छैन । नयाँ सदस्यता वितरण पनि निश्चित मापदण्डअनुसार गर्ने निर्णय गरिएको छ । यो जिल्ला अन्यका लागि उदाहरण बन्न सक्ने अवस्था भए पनि यहाँको अनुभवलाई प्रदेशभर लागू गर्न संरचनागत सुधार आवश्यक देखिन्छ ।
यता छानबिन समितिका संयोजकले मधेश प्रदेशमा सदस्यतासम्बन्धी ठूलो विवाद भएको जानकारी आफूलाई नभएको बताएका छन् । तर जिल्लास्तरका अवस्था हेर्दा यो भनाइ व्यवहारिक यथार्थसँग मेल खान कठिन देखिन्छ । केन्द्रीय तह र स्थानीय तहबीच सूचनाको अन्तर, समस्या पहिचानको कमजोरी र समयमै हस्तक्षेप नहुनुले विवाद झन् बढ्ने खतरा देखिन्छ ।
मधेश प्रदेशमा देखिएको सदस्यता विवाद केवल फारम, नम्बरिङ वा समय व्यवस्थापनको समस्या मात्र होइन । यो नेपाली कांग्रेसभित्रको गहिरो संगठनात्मक चुनौती, गुटगत राजनीति र नेतृत्वमाथिको विश्वासको संकटको प्रतिबिम्ब हो । सदस्यता प्रक्रिया पार्टीको मेरुदण्ड हो । यही आधार कमजोर हुँदा निर्वाचन तयारी, नीति निर्माण र जनविश्वास सबै प्रभावित हुन्छन् ।

## सभामुख चयन पुस ६ गते हुने



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेश सभाको सभामुख पदका लागि आगामी आइतबार पुस ६ गते निर्वाचन हुने भएको छ ।
प्रदेशसभामा लामो समयदेखि रिक्त रहँदै आएको सभामुख पद पूर्ति गर्न निर्वाचन प्रक्रिया औपचारिक रूपमा अघि बढाइएको हो । बुधबार बसेको प्रदेशसभा बैठकमा उपसभामुख बबिता राउतले सभामुख निर्वाचनको मिति तय भइसकेको जानकारी गराउँदै पुस ६ गते आइतबार सभामुख चयनका लागि मतदान हुने बताइन् । उनले प्रदेशसभा कार्यसञ्चालन नियमावली, २०७५ को नियम ७ बमोजिम निर्वाचन प्रक्रिया अघि बढाइएको स्पष्ट पारिन् । उपसभामुख राउतले सभामुख पद रिक्त रहेकाले आफूले अस्थायी रूपमा सभामुखको जिम्मेवारी निर्वाह गर्दै आएको उल्लेख गर्दै अब नियमित संवैधानिक र प्रक्रियागत अभ्यासअनुसार सभामुख चयन गर्न लागिएको जानकारी गराइन् । निर्वाचन प्रक्रिया व्यवस्थित र समयमै सम्पन्न गर्न उपसभामुख राउतले प्रदेशसभाका सचिव बासुप्रसाद कोइरालालाई पुस ५ गते सभामुख निर्वाचनसम्बन्धी औपचारिक सूचना प्रकाशन गर्न निर्देशन दिएकी छन् । सूचनापछि उम्मेदवारी दर्ता, प्रस्ताव र समर्थन संकलन तथा मतदानका सम्पूर्ण चरणहरू तोकिएको कार्यतालिकाअनुसार अघि बढाइनेछ ।
यसै बैठकमा उपसभामुख राउतले राष्ट्रपति कार्यालय, प्रदेश प्रमुखको कार्यालय तथा सर्वोच्च अदालतबाट प्राप्त विभिन्न पत्रहरू सदनमा पढेर सुनाउँदै प्रदेशसभा सदस्यहरुलाई जानकारी गराएकी थिइन् । ती पत्रहरू समसामयिक संवैधानिक तथा प्रशासनिक विषयसँग सम्बन्धित थिए ।
सभामुख निर्वाचनको मिति सार्वजनिक भएसँगै प्रदेशसभामा प्रतिनिधित्व गर्ने विभिन्न राजनीतिक दलहरूबीच उम्मेदवार चयन, सहमति तथा समर्थन जुटाउने विषयमा आन्तरिक छलफल तीव्र हुने देखिएको छ । सभामुख पदलाई तटस्थ, मर्यादित र गरिमामय पदका रूपमा हेरिने भएकाले सहमतिको माध्यमबाट चयन हुने कि प्रतिस्पर्धात्मक प्रकृयाबाट हुने भन्ने विषयलाई लिएर राजनीतिक वृत्तमा चासो बढेको छ ।

## एमाले महाधिवेशन: सुस्त मतदान

**काठमाडौँ ।**
नेपाल कम्युनिष्ट पार्टी एमालेको ११औँ राष्ट्रिय महाधिवेशनको नयाँ नेतृत्वका लागि भएको बुधबार बिहान ९ बजेबाट भएको मतदानमा राति अबेरसम्म ५० प्रतिशत मत खसेको छ ।
महाधिवेशन स्थल भृकुटीमण्डपमा जारी मतदानमा १० घण्टामा जम्मा १ हजार ७५ जनाले भोट हालेका छन् । एमाले केन्द्रीय निर्वाचन आयोग उपाध्यक्ष सानुराज पोखरेलका अनुसार मतदान मध्यरातिसम्म सकाउने तयारी छ । उनले मतदानमा मतदाताले ढिलोमा दुई घण्टा पाँच मिनेट र छिटोमा नौ मिनेटससम्म समय लगाएर मतदान गरेको पाइएको बताए । उनका अनुसार मतदान गर्न सरदर एक जना मतदातालाई २५ देखि ३० मिनेट लाग्ने गरेको छ ।
उनले बुधबार राति १० बजेभित्र मतदान केन्द्रमा प्रवेश गरेका प्रतिनिधिलाई राति अबेरसम्म मतदान गर्न पाउने व्यवस्था गरिने बताए । लाइनमा रहेका मतदातालाई सहजताका लागि टोकन वितरण गरिएको छ ।
एमालेमा नयाँ नेतृत्वका लागि निवर्तमान अध्यक्ष केपी शर्मा ओली र निवर्तमान वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलको समूह प्रतिस्पर्धामा छ । ३ सय १ केन्द्रीय सदस्यीय लागि ६ सय ४२ जनाको उम्मेदवारी परेको छ । मतदानमा ८० वटा विद्युतीय भोटिङ् मेसिन प्रयोगमा ल्याइएको छ ।
आयोगका उपाध्यक्ष पोखरेलका अनुसार मतदान सकिएको दुई घण्टामा परिमाण सार्वजनिक हुनेछ । महाधिवेशनमा दुई हजार २ सय ६३ मतदाता छन् ।

# पर्सा प्रहरीमा महिनामै १०५ मुद्दा दर्ता

**मधेशदृष्टि**
**वीरगंज ।**
जिल्ला प्रहरी कार्यालय पर्सामा मंसिर महिनामा मात्र १०५ मुद्दा दर्ता भएका छन् । दर्ता भएका मुद्दामा जघन्य तथा गम्भीर प्रकृतिका अपराध २५ वटा छ । ६ बालिकासहित एक महिलाको जबरजस्ती करणीको घटना, विवाहसम्बन्धी कसुरका ४, बहुबिवाहका २, अपहरण तथा शरीर बन्धकका १ र बालयौन दुरूपयोगका १ मुद्दा दर्ता भएको हो ।
यसैगरी महिला, बालबालिका र ज्येष्ठ नागरिकसँग सम्बन्धित १४ मुद्दामा पीडकविरुद्ध उजुरी दर्ता गरिएको प्रहरी उपरीक्षक सुदीपराज पाठकले बताए । महिला, बालबालिका र ज्येष्ठ नागरिकसम्बन्धी उजुरीमा घरेलु हिंसाका ७७, सामाजिक हिंसाका ९७ उजुरी दर्ता भएका छन् । पीडित र प्रतिवादीको उमेर समूह, उजुरीको प्रगति र मिलापत्र–अदालतमा पठाइएको विवरण समेत पर्सा प्रहरीले मंसिरमा सम्पादन गरेको प्रगति विवरणमा



समेटिएको छ ।
यस्तै, आर्थिक अपराध तथा बैंकिङ कसुरका २९, ठगी मुद्दाका २, अनुचित लेनदेनको एक मुद्दा दर्ता भएका छन् । प्रहरीले अदालतबाट दोषी तर सजाय भुक्तान बाँकी मुद्दाका ८३ प्रतिवादी पक्राउ गरेर अदालतमा बुझाएको छ । अपराधपछि २० वर्षदेखि फरार २ सय प्रतिवादी पक्राउ परेका छन् ।
पर्सा प्रहरीले मंसिर महिनामा राजस्व चुहावट र भन्सार छली नियन्त्रणमा उल्लेखनीय सफलता हासिल गरेको दाबी गरेको छ ।
'अवैध भन्सार छलीक्रममा ७ करोड ६१ लाख ५० हजार ८ सय ३७ रूपैयाँ बराबरका सामान बरामद गरेका छौँ,' प्रहरी उपरीक्षक पाठकले भने । यसैगरी मंसिर महिनामा पर्सामा २१ वटा विपदका घटना भएका छन् । घटनामा ७ जना घाइते भएका छन् भने विपदबाट १ करोड ४१ लाख ५५ हजार बराबरको मालबस्तु जलेर नष्ट हुँदा २ चौपाया पनि मरेका छन् ।
मंसिरमा ५ सय २९ केजी लागूऔषध गाँजा, १० केजी २ सय ग्राम चरेश, ५६ ग्राम खैरो हिरोइन र ७६ हजार १ सय ७० पिस ट्रामाडोल बरामद भएको छ । सवारी दुर्घटनाको ७४ घटना हुँदा २ जनाको मृत्यु र ९२ जना घाइते भएको प्रहरीको विवरण छ । जिल्ला ट्राफिक प्रहरी कार्यालयले राजस्व संकलनक्रममा एक हजार ४३ जनालाई कारबाही गर्दा १२ लाख ८३ हजार ५ सय रूपैयाँ संकलन गरेको जनाएको छ ।
पर्सा प्रहरीले मंसिरमा जनचेतनामूलक कार्यक्रम अन्तर्गत जनचेतना अभिवृद्धिका लागि १४ स्थानीय तहमा २ सय २८ वटा कार्यक्रम गरेको छ । ७ हजार ५ सय ७९ नागारिकसम्म प्रहरी पुगेको छ । कार्यक्रममा महिला हिंसा, आत्महत्या न्यूनीकरण, लागुऔषधसम्बन्धी जनचेतनामूलक कार्यक्रम, साइबर अपराध, दाइजो प्रथा, ट्राफिक नियम–सवारी दुर्घटना–जेब्रा क्रसिङ, बालश्रम, बहुबिवाह, मानव बेचबिखन, सरसफाइ, वृक्षारोपण, रक्तदान जस्ता सामाजिक काममा प्रहरीको सक्रिय सहभागिता रहेको छ । बेलाबखत हुने आन्दोलन, कोण सभा तथा धर्ना नियन्त्रणमा १ सय ३५ जना प्रहरी परिचालित भइरहेको प्रहरीको भनाइ छ ।

## श्रीहरि मानव कल्याण मञ्चद्वारा सीतालाई सहयोग

**जनकपुरधाम ।**
श्रीहरि मानव कल्याण मञ्चले जीवन–मरणसँग संघर्ष गरिरहेकी रौतहटकी सीता रजकलाई राहत तथा आर्थिक सहयोग प्रदान गरेको छ ।
मञ्चका अध्यक्ष दीपक श्रेष्ठ मण्डलको पहलमा रजकलाई चामल, दाल, तेल, साबुन, सर्फलगायत दैनिक उपभोग्य सामग्रीसहित केही नगद आर्थिक सहयोग उपलब्ध गराइएको हो । कम्मरमा लगाइएका चारवटा स्टिलमध्ये केही भाँचिएपछि उनी केही दिनदेखि गम्भीर पीडामा छिन् ।



साथै, उन मुखबाट अत्यधिक रगत बग्ने समस्या देखिएको छ । सीता थप उपचारका लागि बिहीबार काठमाडौँ जाने तयारीमा छिन् । उपचारका लागि थप सहयोग आवश्यक रहेको भन्दै मञ्चले नागरिक समाज तथा नेपाल सरकारलाई अपिल गरेको छ। उपचार सहयोग गर्न चाहने सहयोगीहरूले उनलाई ९८११९८७५४१ मा इसेवामार्फत सिधै सहयोग गर्न सक्ने छन् ।


सम्पादकीय

# जनमतमा सन्तुष्टिः मधेश प्रदेश वरिष्ठ उपाध्यक्षको राजीनामा

जनमत पार्टीको आन्तरिक राजनीतिक असन्तुष्टिको कालो बादलमुक्त छैन। त्यही पार्टी आफ्नै खिचातानीमा सरकारबाट बाहिरियो । आफ्नै मुख्यमन्त्री हुँदा पनि दल विपक्षीको रोमा बस्यो। अदालतले जोगाइदिए पनि मधेशका दुई प्रदेश सदस्य पार्टी विभाजनका पक्षमा सनाखती हुन् । हालै पार्टीका सचिवले बलात्कार आरोपमा प्रहरीमा आत्मसमर्पण गरेका छन्। रोजेको मन्त्रालय नपाए मधेश सरकारबाट बाहिरिने भने पदाधिकारी फेसबुकमा लेखेर सात दलको गठबन्धनलाई पनि धम्काउँछन् । र, त्यही पार्टीभित्र चैँ नेताहरुको असन्तुसष्टि राजीनामामा देखिन्छ। यसैक्रममा मधेश प्रदेशका वरिष्ठ उपाध्यक्ष भरत चौधरीले पार्टीका सबै जिम्मेवारीबाट राजीनामा दिएका छन्। अध्यक्ष डा. सीके राउतलाई सम्बोधन गर्दै बुझाएको राजीनामा पत्रमा उनले साधारण सदस्यसमेत नरहने गरी पार्टीसँग आफ्नो सम्बन्ध अन्त्य गरेको उल्लेख गरेका छन्। राजीनामाको कारणबारे चौधरीले जनमत पार्टी आफ्नो स्थापनाकालीन नीति, सिद्धान्त र उद्देश्यबाट क्रमशः विचलित हुँदै गएको आरोप लगाएका छन् । पार्टीभित्र भ्रष्टाचार मौलाउँदै गएको, नातावाद तथा पक्षपात हाबी भएको र यस्ता प्रवृत्तिका कारण इमानदार रूपमा काम गर्न असहज अवस्था सिर्जना भएको उनको आरोप छ। यो संगीन आरोपबाट जनमतले र अझ अध्यक्ष राउतले नै आफूलाई पखाल्न पर्ने देखिएको छ।

पार्टी नेतृत्वले आन्तरिक लोकतन्त्र कमजोर बनाएको र समावेशी निर्णय प्रक्रिया अवलम्बन नगरेको पनि चौधरीले सतहमा ल्याएको विषय हो। पार्टीभित्र रहेर मधेश र जनताको पक्षमा प्रभावकारी रूपमा काम गर्न नसकिने निष्कर्षमा पुगेको चौधरीको दलील छ। सर्लाहीको हरिपुर्वा नगरपालिका–४ का चौधरी मधेश प्रदेशको राजनीतिमा पछिल्लो समय परिचित नेता हुन्। लामो समयदेखि मधेश केन्द्रित राजनीतिक गतिविधिमा सक्रिय थिए। २०७९ को प्रदेशसभा निर्वाचनमा उनी सर्लाही क्षेत्र नम्बर २ (क)बाट उम्मेदवार थिए, तर पराजित भए । चौधरीको राजीनामाले जनमत पार्टीको मधेश प्रदेश संगठन र आन्तरिक राजनीतिमा प्रभाव पर्ने अनुमान गरिन्छ। फेरि पनि जनमतलाई भन्नु केही छैन, भन्नु पर्ने पुरानै उखान काफी छः भिर लडेको गाईलाई रामराम भन्न सकिन्छ !

# मधेशमा महिला हिंसाः न्यायमा किन सधैँ अवरोध ?



आदित्य नेपाल

दुई सातादेखि जनकपुरधामकी बेबी देवी झा राम्रोसँग निदाएकी छैनन् । छोरीको मृत्यु वियोगमा उनी अचेतजस्तै छिन्। आँखाबाट प्रायः आँसु झरिरहन्छ, मुखबाट लवज निस्किँदैन। बोले पनि केबल एउटै वाक्य दोहोर्‍याउँछिन्, 'मेरो छोरीलाई न्याय दिलाइदिनुस्।'

उकालो डटकममा यो विषयल चोटिलोसँग लेखिएको छ । बेबी देवी कहिले जनकपुरको आन्दोलनस्थल मानिने जनक चोक पुगेर भूईंमा बसी दुई हात फैलाएर 'न्यायको भिख' माग्छिन्, कहिले जिल्ला प्रहरी कार्यलय धनुषाको गेटअगाडि बसेर बेस्सरी रून्छिन्। मंसिर ११ गते साँझ करिब पौने ७ बजे उनकी छोरी रोशनी झा रहस्यमय अवस्थामा आफ्नै घरमा मृत फेला परेकी थिइन्।

माइती पक्षले रोशनीको हत्या भएको दाबी गरिरहेका छन्। तर उनको परिवारले कहिले भर्‍याङबाट लडेर मृत्यु भएको र कहिले झुन्डिएर आत्महत्या गरेको भन्दै दुईथरी दाबी गरेका छन्।

आमा बेबी देवीका अनुसार, उनले मंसिर ११ गते साढे ४ बजेसम्म रोशनीसँग पटकपटक फोनमा कुरा गरेकी थिइन् । त्यो दिन अन्तिमपटक कुरा हुँदा रोशनीले आमालाई श्रीमान् घर आइपुगेको र चिया पकाउन जान लागेको बताएकी थिइन्।

'रोशनी व्रत बसेको हुनाले मैले रोटी पकाएर राखिदिन्छु लिन आऊ भनेको थिएँ। तर निकै बेरसम्म रोटी लिन नआएपछि मलाई चिन्ता हुन थाल्यो,' बेबी देवी भन्छिन्, 'त्यतिकैमा ज्वाइँले फोन गरेर रोशनी भर्‍याङबाट लडेको भन्नुभयो। घर पाँच मिनेटकै दूरीमा भएकोले त्यहाँ पुग्दा रोशनी भुईंमा सुतेको देखेँ, शरीरमा कपडा ओढाइएको थियो।'

माइती पक्षले रोशनीलाई उनकै श्रीमान् प्रशान्त मिश्रले घाँटी थिचेर हत्या गरेको र आत्महत्या गरेको हल्ला चलाएको आरोप लगाएको छ । मृत शरीरलाई नै जनकपुरकै गोदावरी अस्पताल पुर्‍याएर उपचारको नाटक गरेको पनि माइती पक्षको आरोप छ। गोदावरी अस्पतालले भने रोशनीले आत्महत्या गरेको पोष्टमार्टम रिपोर्ट दिएको छ। शरीरमा चोटैचोटको दाग भएको र आत्महत्या गर्ने कुनै कारण नभएको माइती पक्षको दाबी छ।

रोशनीका मामा अरविन्द झाका अनुसार, रोशनीलाई मृत अवस्थामा गोदावरी अस्पताल पुर्‍याइए पनि प्रशान्तका कान्छो भिनाजु डा. धिरज त्यहाँ पुगेर उपचारको 'नाटक' गरेका थिए । उनैले पोष्टमार्टम रिपोर्टमा चलखेल गरेको आशंका भएको उनी बताउँछन्।

प्रशान्तका आफन्त बब्लुकान्त झा पनि यो घटनामा सहभागी भएको दाबी गर्दै अरविन्द त्यही कारण आफूहरू सशंकित भएको बताउँछन् । 'उहाँ (बब्लुकान्त) सिन्धुली कारागारमा कार्यरत हुनुहन्छ । आफूले यस्ता हत्याहरू धेरै पचाइसकेको भनेर घटनास्थलमै हामीलाई धम्की दिनुभयो,' उनी भन्छन्, 'यस्तोमा हामी कसरी पोष्टमार्टम रिपोर्ट विश्वास गर्नसक्छौँ?'

पाँच वर्षअगाडि मात्रै ९ लाख दाइजो दिएर प्रशान्त मिश्रसँग रोशनीको विवाह भएको थियो। रोशनीको मृत्यु हुनु १५ दिनअगाडि पनि भवन निर्माणका लागि १५ लाख दिएको माइती पक्षको दाबी छ।

हाल श्रीमान् प्रशान्त धनुषा प्रहरीको हिरासतमा छन्। उनले घरका लागि सोफा किन्ने विषयमा रोशनीसँग सामान्य विवाद भएको स्वीकार गरेको प्रहरीले जनाएको छ। उनी मधेश प्रदेशको नीति तथा योजना आयोगमा शाखा अधिकृतको रूपमा कार्यरत छन्। उनीहरूका ४ वर्षको छोरा र २ वर्षकी छोरी छन्।

श्रीमानसहित केही व्यक्ति पक्राउ परे पनि न्याय पाउनेमा पूर्ण विश्वस्त नरहेको रोशनीका भाइ मनीष बताउँछन्। प्रहरीको भूमिका नै शंकास्पद भएको उनको दाबी छ। 'हामी न्यायका लागि निरन्तर आन्दोलन गरिरहेका छौँ। जेजे गर्नुपर्छ गरिरहेकै छौँ र गरिरहन्छौँ,' उनी भन्छन्, 'अहिले सीआईबीले केस हेर्न थालेपछि न्याय पाइन्छ कि भन्नेसम्म आशा पलाएको छ।'

धनुषा प्रहरीले अनुसन्धान थाले पनि माइती पक्षले दिनहुँ दबाबमूलक प्रदर्शन गरेपछि थप अनुसन्धानका लागि केन्द्रीय अनुसन्धान ब्युरो (सीआइबी)को टोली मंसिर २१ गते जनकपुर पुगेको छ। सीआईबीकै सक्रियतामा प्रहरीले बुधबार प्रशान्तका भिनाजु ४५ वर्षीय सचिन झा र उनका १५ वर्षीय छोरालाई पक्राउ गरेको छ । रोशनीका भाइ मनीषका अनुसार, मृत शरीर अस्पताल लैजान सचिनले प्रशान्तलाई सघाएका थिए। सचिनका छोरा त्यो दिन बिहानदेखि नै घरमा उपस्थित थिए।

धनुषा प्रहरीका इन्स्पेक्टर मनोज यादव अहिले पनि रोशनीको मृत्युबारे अनुसन्धान चलिरहेको कारण केही बताउन नसकिने बताउँछन् । 'पक्राउ परेकाहरूसँग सुक्ष्मरूपले सोधपुछ गरिरहेका छौँ । पोष्टमार्टम रिपोर्टमाथि पनि अनुसन्धान गरिरहेका छौँ,' इन्स्पेक्टर यादव भन्छन्, '१५ दिन जति भयो अनुसन्धान शुरू भएको। अझै एक हप्ता जति लाग्छ।'

**अढाई वर्षदेखि न्यायको पर्खाइ**

२०८० जेठ ७ गते साँझ साढे ६ बजेतिर जनकपुरधाम उपमहानगरपालिका–९ थापाचोककी २२ वर्षीया आरती साहको रहस्यमय मृत्यु भयो। आरतीका बुबा विनोदप्रसाद साहलाई 'तपाईंकी छोरीलाई सन्चो नभएर काव्या हस्पिटलमा ल्याएका छौँ, अचेत अवस्थामा छिन्' भनेर फोन गएको थियो।

जनकपुरमै पढ्न बसेकी कान्छी छोरी मनीषालाई सम्पर्क गरेर तुरुन्त अस्पताल पुग्न विनोदले भने । आरती अस्पतालको शय्यामा अचेत थिइन्। शरीरमा घाउचोट थियो। घाँटीमा डाम थियो। नजिक गएर खुट्टा छामिन्। शरीरमा कुनै चाल थिएन। आत्तिएकी उनले डाक्टरलाई सोधिन्, 'के भएको हो मेरी दिदीलाई?'

डाक्टरले जवाफ दिए, 'यहाँ ल्याउनुअघि नै तपाईंकी दिदीको मृत्यु भइसकेको थियो।' आरती दुईमहिने सुत्केरी थिइन्। जनकपुरको काव्या अस्पतालले उनको मृत्युको कारण 'ह्याङ्गिङ' (झुन्डिएको, सम्भावित आत्महत्याको प्रकृति) भनेर पोस्टमार्टम रिपोर्ट दिएको थियो। माइती पक्षले पोष्टमार्टम रिपोर्ट नपत्याई हत्या भएको दाबी गरे। जिल्ला प्रहरी कार्यालय, धनुषामा किटानी जाहेरी दिए।

तर तत्कालीन एसपी विश्वराज खड्का र डीएसपी वेदप्रकाश गौतमले उल्टै पीडित परिवारलाई बयानका लागि बोलाएर कुटपिट गरी रातभरि थुनेका थिए। जिल्ला सरकारी वकिल कार्यालय धनुषाले असार १ गते धनुषा जिल्ला अदालतमा ज्यानसम्बन्धी मुद्दा दायर गर्‍यो। अदालतले असार ५ गते आरतीका पति र ससुरालाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश दियो।

प्रहरीले अनुसन्धानमा चासो नदेखाएको भन्दै यसबीचमा पीडित परिवारले काठमाडौँको माइतीघर मण्डल आएर धर्ना पनि दिएका थिए। तर उच्च अदालत जनकपुरधामले तत्काल प्राप्त प्रमाणका आधारमा आरतीका पति र ससुरालाई थुनामा राख्न आवश्यक नदेखिएको भन्दै रिहा गरिदियो।

परिवारका सदस्यले अस्पतालको पोष्टमार्टम रिपोर्ट कैफियतपूर्ण रहेको दाबी गरिरहेका थिए। भदौ ३ गते नेपाल मेडिकल काउन्सिलले पनि प्रादेशिक अस्पताल जनकपुरले बनाएको पोष्टमार्टम रिपोर्ट त्रुटिपूर्ण रहेको सार्वजनिक गर्‍यो।

'कोठामा मृतक झुन्डिएको भनी उल्लेख गरिए तापनि उक्त कागजमा गालामा भएको एउटा चोट र घाँटीमा स्पष्ट देखिएको डामका बारेमा केही लेखिएको छैन,' काउन्सिलको रिपोर्टमा भनिएको छ, 'पोस्टमार्टम रिपोर्टमा पनि पोसिबल सुसाइड इन नेचर (सम्भावित आत्महत्याको प्रकृति) भनी राय व्यक्त गरेको हुँदा यस्तो राय दिन नमिल्ने भनी जानकारी भएको र यो गलत राय रहेछ भनी त्रुटि भएको भनी निजको पोस्टमार्टममा संलग्न चिकित्सकहरूलाई सचेतसहित अन्तिम चेतावनी दिइन्छ।'

यता जिल्ला सरकारी वकिल कार्यालयले पनि उच्च अदालतको आदेशविरुद्ध सर्वोच्च अदालतमा पुनरावेदन गर्‍यो। मंसिर २० गते न्यायाधीश नहकुल सुवेदी र तिलप्रसाद श्रेष्ठको इजलासले काउन्सिलकै रिपोर्टलाई मुख्य आधार बनाएर उच्च अदालतको आदेश उल्ट्यायो।

सर्वोच्चले श्रीमान् मोतीबाबुलाई पुनः थुनामा पठाउने आदेश दियो। प्रारम्भिक प्रमाणका आधारमा हत्यामा मोतिबाबुको संलग्नता देखिएको आदेशमा उल्लेख छ। ससुरा मदनमोहन ब्याहुत सुडीलाई भने १ लाख रुपैयाँ धरौटीमा रिहा गर्ने आदेश सुनायो।

'घटनास्थल मुचुल्काबाट घटना भएको कोठामा भुइँदेखि छतसम्म १० फिट र पलङको सतहदेखि सिलिङ फ्यानको उचाइ सात फिट पाँच इन्च रहेको देखिएकोमा मृतकले झुन्डिने प्रयोजनका लागि कुनै टुल, मेच वा अन्य कुनै वस्तु प्रयोग गरेको भन्ने पनि देखिँदैन,' सर्वोच्चको आदेशमा भनिएको छ।

यो घटनामा पनि प्रहरी मुख्यालयबाट एउटा टोली र सीआईबीको अर्को टोलीले जनकपुर पुगेर अनुसन्धान गरेको थियो । तर दुवै छानबिन समितिको रिपोर्ट हालसम्म सार्वजनिक गरिएको छैन।

पीडित परिवारले माइतीघरमा करिब १० महिना निरन्तर धर्ना दिएपछि तत्कालीन गृहमन्त्री रवि लामिछानेले पीडितलाई कानून बमोजिम कारबाही गर्ने आश्वासन दिएर सम्झौता गरे । अनि मात्र उनीहरूले माइतीघर छाडेका थिए।

आरतीको मृत्यु भएको साढे दुई वर्ष बितिसके पनि परिवार न्यायकै पर्खाइमा छ। आरतीका भाइ धीरजका अनुसार उनीहरू अझै साप्ताहिक रूपमा धनुषा जिल्ला अदालत धाइरहेका छन्।

'न्याय कहिले पाउने भन्ने अझै टुंगो छैन, पक्राउ परेका मेरो दिदीका श्रीमान् सिन्धुली कारागारमा थिए। जेन्जी आन्दोलनका बेला उनी पनि भागेछन्,' धीरज भन्छन्, 'फेरि कहिले समातिन्छन् भनेर प्रहरीमा बुझ्दा चित्तबुझ्दो जवाफ पाएका छैनौँ।'

**महिला हिंसामा किन 'गोलमटोल अनुसन्धान'?**

लेखक तथा महिला अधिकारकर्मी रिता साहका अनुसार, पीडित पक्षभन्दा पीडकहरू आर्थिक र सामाजिक रूपले बलिया भएकै कारण मधेशमा न्याय प्रक्रिया अनिश्चित हुने गरेको छ। देशैभरि पितृसत्तात्मक सोच हाबी रहँदा मधेशमा त्यसले अझ धेरै जरा गाडेको कारण पनि न्याय सहज नभएको उनी बताउँछिन्।

'मुद्दा दर्ता गराउने बेलादेखि अगाडिको प्रक्रियासम्म नै दबाब र प्रभावको राजनीति शुरू हुन्छ। एक त कानूनको ज्ञानै हुँदैन, भए पनि पहुँच हुँदैन। प्रक्रिया पनि झन्झटिलो भएका कारण पीडितहरूले सहजै न्याय पाउन सकेका छैनन्,' उनी भन्छिन्, 'प्रहरी प्रशासन महिलामैत्री छैनन्, उहाँहरूमा पनि पितृसत्तात्मक मनोविज्ञान हाबी हुँदा पीडितले न्यायको आशा गर्न नसक्ने स्थिति छ।'

अर्की महिला अधिकारकर्मी जमुना भुजेल पनि मधेशमा महिला अझैसम्म उत्पीडन र शोषणको पासोबाट मुक्त नभएकै कारण न्यायबाट पनि बञ्चित भएको बताउँछिन् । आफूहरूले निरन्तर आवाज उठाइरहँदा पनि न्याय प्रक्रियामा कुनै सकारात्मक र प्रभावकारी बदलाव आउन नसकेको उनको भनाइ छ।

'हामी त दिनरात महिलाहरूकै समस्या र न्यायका लागि बोलिरहने मान्छे हौँ। तर मधेशमा महिलाउपर हिंसामा कुनै ह्रास आएको छैन,' उनी भन्छिन्, 'यसमा केवल हाम्रो प्रशासन र कानून मात्रै होइन, समाजका सबै तप्का उत्तिकै जिम्मेवार छन् । जबसम्म सिंगो समाज नै चेतनशील बन्दैन, महिलामाथिको अन्याय रोकिँदैन।'

**भुलसुधार**

बुधबार प्रकाशित मधेशदृष्टि दैनिकको प्रथम पृष्ठमा 'अंक ३५' हुनुपर्नेमा अन्यथा भएकाले सच्याइएको छ ।
– मधेश प्रदेश प्रकाशन समूह

# पौष्टिक आहारका लागि सोइ

नवीन लामिछाने

हिउँदयामको मध्य समयमा देशभर चिसो बढेको छ । पहाड र तराईमा चिसो बढेसँगै हिमाली क्षेत्रमा पानी जमेका छन् भने चिसो अत्यधिक बढेको छ। मनाङमा चिसो बढ्दै जाँदा यहाँ पशुपालनको रुपमा याकचौँरी र भेडापालन हो। चिसो बढेसँगै लेकको खर्कमा पुर्‍याइएका याकचौँरी बेँसी झारिन्छ। तीन हजारदेखि पाँच हजार मिटर उचाइबाट झारिएका याकचौँरीलाई बेँसीअर्थात् एक हजार ७ सय मिटर उचाइमा राखिन्छ।

चिसोमा याकचौँरी तथा अन्य पशुलाई घाँस पूर्ण रुपमा सुकेर आहारको कमी हुने गर्दछ। त्यसको अभाव पूर्ति गर्न पशुपालक किसानले घरेलु खाद्यवस्तुको प्रयोग गरी जैविक आहार खुवाउने गर्दछन् । जैविक आहारले याकचौँरीलगायतका पशुचौपायलाई पौष्टिक आहारसमेत पूरा गर्दछ।

मनाङ ङिस्याङ गाउँपालिका–५ भ्राकाका याकचौँरीपालक किसान याञ्छु खाण्टा लामा भन्छन्, 'पहिलापहिला बँेसीमा पशुचौपाया झारे पनि घाँसपात पाइन्थ्यो, अहिले मुस्किल छ, हिउँ कम परेपछि पानी पाउँदैन र घाँस उम्रिनै छोड्यो, आहार खुवाउनै मुस्किल छ, आफैँले बनाउन सकिएन भने याकचौँरी पाल्न समस्या छ, किसानलाई त समस्या नै समस्याले घेरिएको छ।'

अहिले आहार खुवाउन र जोहो गर्नै समस्या भएको उहाँ बताउनुहुन्छ । 'खेती तथा पशुपालक किसानलाई त मौसमले पनि ठगेको छ,' उनी भन्छन्, 'धेरै पशुचौपायलाई आहार पुर्‍याउनै समस्या छ।' यहाँका पशुपालकले घाँसको अभाव पूरा गर्न जौ, करु, उवा, गहुँ, फापरको डाँठको मिश्रणबाट आहार बनाएर खुवाउने गरिन्छ।

नासौँ गाउँपालिका–८ ताचैका पशुपालक किसान याद घले घाँसको अभावमा याकचौँरी, भेडाच्याङ्ग्राले माटो चाटेर बाँच्ने गरेको बताउँछन् । 'हिउँ परे पो यहाँको पालुवा पलाउँछ र पशुचौपायलाई घाँस हुन्छ,' उनी भन्छन्, 'एउटै गोठमा २ सय भन्दामाथि याकचौँरी र भेडाच्याङ्ग्रा पालिन्छन्, आफैँले घाँस, दाना खरिद गरेर पाल्न सक्ने अवस्था छैन।' प्राकृतिक हिसाबले समयमा हिउँ पर्ने पानी पर्ने भएमा घाँस सहज रुपमा उपलब्ध हुने उहाँको भनाइ छ।

'अरु घाँस पाइँदैन यतिबेला सुकेका पातपतिङ्गर खुवाउने गरिएको छ,' घले भन्छन्, 'पुस १५ पछि सोइ (दाना) खुवाउने गरिन्छ, करिब पुसदेखि फागुन, चैतसम्म याकचौँरी र भेडाच्याङ्ग्रालाई घाँसको समस्या हुन्छ।' जौ, करु, उवा, गहुँ, फापरको डाँठ गाईगोरु, याकचौँरीलाई भए पनि भेडाच्याङ्ग्रालाई घाँस पुर्‍याउन नसकिने उहँको भनाइ छ। घाँस नपाइने मौसममा हिउँ परे अझ घाँस खान नपाएर पशुचौपाय मर्ने गरेका उनी बताउँछन्।

सरकारको पक्षबाट शतप्रतिशत अनुदानमा सोइ (दाना) को अभाव पूरा गर्न सहयोग पाएमा मनाङका युवालाई पशुपालनमा प्रेरित गर्न सकिने घले बताउँछन् । यहाँको मुख्य आय पर्यटन व्यवसाय, खेतीपाती र कृषि हो, यसैमा निरन्तरता दिन सरकारले प्राथमिकताका साथ अनुदान उपलब्ध गराउनतर्फ ध्यान दिनुपर्नेमा उनको जोड छ । सुकेका डाँठलाई पशुचौपायले खाए पनि मल हुन्छन् भने नखाएका डाँठ प्राङ्गारिक मल (सोइ) बनाउन प्रयोग गरिन्छ । यसले पशुचौपायलाई न्यानो बनाउने कार्यसमेत गर्ने गरेको किसान बताउँछन्।

हिउँ पर्ने वा चिसो बढ्दै जाँदा यहाँका याकचौँरीलाई आहार पुर्‍याउन सकस हुने गरेको नेपाल याकचौँरीपालक किसान महासङ्घ गण्डकी प्रदेशका अध्यक्ष सुरेश थकालीले बताए। समयमा हिउँ नपर्दा पालुवा नपलाउने र सुक्खापन बढ्ने क्रममा रहेको उनले बताए।

'मनाङको तल्लो क्षेत्रमा डाले घाँस लगाएर हरियो घाँस नै खुवाउन सकिने देखिएको छ । तर, माथिल्लो क्षेत्रमा बढी सुक्खापनले घाँस पूर्ण रुपमा अभाव नै हुन्छ,' उनले भने, 'बाहिरबाट दाना किनेर ल्याउनुपर्ने बाध्यता बनेको छ, दाना किन्न भने सहज छैन।' बजारसँग सहज पहुँच नहुँदा ढुवानी र दाना खरिद गर्न किसानले सक्ने अवस्था नरहेको उहाँको भनाइ छ।

यहाँका पशुपालक किसानले पौष्टिक आहार तथा पशुचौपायलाई बचाउन यहाँ उत्पादित खाद्यवस्तुका साथै सुकेका डाँठको उपयोग गर्न बाध्य भएका थकालीले बताए। यहाँको मौसम तथा माटो सुहाउँदो घाँस लगाउन तथा उत्पादन गर्न प्रोत्साहन गर्नुपर्ने देखिएको उनले बताए।

'खेती पनि वर्षमा एक सिजन मात्रै हुने हुँदा सुकेका डाँठ पनि पुर्‍याउन मुस्किल हुने गर्दछ, यसले पौष्टिक आहारको अभावले पशुचौपायामा दुब्लोपना देखिन्छन्,' उनले भने, 'यसकै कारण पशुपालनबाट युवाको आकर्षण हुनुपर्नेमा विकर्षण हुने गरेको पाइएको छ।'

यहाँका पशुपालक किसानले घाँसको अभाव पूरा गर्न जैविक रुपमा दाना (सोइ) बनाएर खुवाउने गरेका छन्। यहाँ गरिने खेतीपाती (गहुँ, करु, कोलो बोडी, फापर, जौँ) लगायत रैथाने बालीका सुकेका डाँठलाई खुवाएर बचाउने गरिन्छ । घाँस नपुगेर हुनसक्ने याकचौँरीको दुर्बलतालाई सोइले पौष्टिक तथा भिटामिनसमेत पूरा हुने गरेको किसान बताउँछन्। रासस

# ट्रम्पद्वारा थप सात देश र प्यालेस्टाइनमाथि पूर्ण यात्रा प्रतिबन्ध

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले मङ्गलबार सिरियासहित थप सात देशका नागरिक र प्यालेस्टिनी प्राधिकरणका पासपोर्ट वाहकहरूलाई संयुक्त राज्य अमेरिका प्रवेशमा पूर्ण यात्रा प्रतिबन्ध लगाउने निर्णय गरेका छन् । यो कदमसँगै राष्ट्रियताको आधारमा मात्र अमेरिका प्रवेशमा रोक लगाइएका देशहरूको संख्या करिब ४० पुगेको छ। यसका साथै पश्चिमी देशहरूबाट हुने नियमित यात्रामा समेत नियमहरू थप कडा पारिएका छन्।

आप्रवासनप्रति कठोर दृष्टिकोणलाई आफ्नो प्रमुख राजनीतिक एजेन्डा बनाउँदै आउनुभएका राष्ट्रपति ट्रम्पले सामूहिक निर्वासनको आदेश जारी गरिसकेका छन् भने गैर–श्वेत आप्रवासीहरूविरुद्धको कडा अभिव्यक्ति पनि तीव्र बन्दै गएको छ । ह्वाइट हाउसले जारी गरेको विज्ञप्तिमा 'अमेरिकीहरूलाई धम्की दिन सक्ने' विदेशी नागरिकहरूलाई रोक्न प्रतिबन्ध लगाइएको उल्लेख गरिएको छ। साथै, अमेरिकाको संस्कृति, सरकार, संस्था तथा संस्थापक सिद्धान्तहरूलाई कमजोर पार्न खोज्ने व्यक्तिहरूलाई देशभित्र प्रवेश नदिन चाहिएको भनिएको छ।

लामो समयसम्म शासक बशर अल–असदको पतनपछि अन्तर्राष्ट्रिय समुदायमा पुनःस्थापना हुने प्रयासमा रहेको सिरियामाथि यो प्रतिबन्ध त्यतिबेला लगाइएको छ जतिबेला केही दिनअघि त्यहाँ दुई अमेरिकी सैनिक र एक सर्वसाधारण मारिएका थिए । सिरियाली अधिकारीहरूका अनुसार ती घटनाका आरोपी सुरक्षा बलका पूर्वसदस्य थिए, जसलाई 'चरमपन्थी इस्लामवादी विचार' का कारण बर्खास्त गरिएको थियो।

यसैबीच, फ्रान्स र बेलायतलगायत केही पश्चिमी देशहरूले प्यालेस्टिनी राज्यलाई मान्यता दिएको विरोधमा ट्रम्प प्रशासनले इजरायलसँग ऐक्यबद्ध हुँदै प्यालेस्टिनी प्राधिकरणका पासपोर्ट वाहकहरूमा अनौपचारिक यात्रा प्रतिबन्ध लागू गरिसकेको थियो, जसलाई अहिले औपचारिक बनाइएको छ।

पूर्ण यात्रा प्रतिबन्धमा परेका नयाँ देशहरूमा अफ्रिकाका बुर्किना फासो, माली, नाइजर, सिएरा लियोन र दक्षिण सुडान, साथै दक्षिणपूर्वी एसियाको लाओस रहेका छन् । यसबाहेक, नाइजेरिया, आइभोरी कोस्ट र सेनेगललगायत केही अफ्रिकी देशका नागरिकमाथि आंशिक यात्रा प्रतिबन्ध लगाइएको छ। यी देशहरू अमेरिका, क्यानाडा र मेक्सिकोमा आयोजना हुने आगामी विश्वकप फुटबलका लागि योग्य भए पनि ट्रम्प प्रशासनले खेलाडीहरूलाई मात्र प्रवेश अनुमति दिने स्पष्ट पारेको छ, प्रशंसकहरूका हकमा कुनै प्रतिबद्धता जनाएको छैन।

आंशिक प्रतिबन्धमा परेका अन्य देशहरूमा एङ्गोला, एन्टिगुआ र बार्बुडा, बेनिन, डोमिनिका, ग्याबोन, गाम्बिया, मलावी, मौरितानिया, तान्जानिया, जाम्बिया, जिम्बाब्वे तथा पोलिनेसियाली देश टोङ्गा रहेका छन् । यीमध्ये केही देश अमेरिकाका महत्त्वपूर्ण साझेदारसमेत रहेका छन्, जसलाई पूर्वराष्ट्रपति जो बाइडेनले लोकतन्त्रप्रतिको प्रतिबद्धताका लागि प्रशंसा गरेका थिए। शरणार्थी अधिकारका पक्षमा काम गर्ने इसाई संस्था ग्लोबल रिफ्युजले यात्रा प्रतिबन्धले कमजोर र जोखिममा परेका मानिसहरूलाई झनै अप्ठ्यारो अवस्थामा धकेल्ने चेतावनी दिएको छ। संस्थाका अध्यक्ष तथा प्रमुख कार्यकारी अधिकृत कृष ओ'मारा विग्नाराजाहले व्यक्तिगत र प्रमाणमा आधारित मूल्याङ्कनको सट्टा सम्पूर्ण जनसङ्ख्यालाई सजाय दिने नीति अपनाइएको आरोप लगाए।

राष्ट्रपति ट्रम्पले पछिल्ला सार्वजनिक कार्यक्रममा आप्रवासीहरूलाई लक्षित गर्दै विवादास्पद भाषा प्रयोग गर्दै आएका छन् । यसअघि नै सोमाली नागरिकहरूको प्रवेशमा प्रतिबन्ध लगाइसकिएको छ भने अफगानिस्तान, इरान, लिबिया, सुडान, यमनलगायत देशहरू पनि पूर्ण यात्रा प्रतिबन्धमा रहेका छन्।

यसै क्रममा ह्वाइट हाउसले तुर्कमेनिस्तानले गरेको 'महत्त्वपूर्ण प्रगति' लाई स्वीकार गर्दै त्यस देशका नागरिकलाई गैर–आप्रवासी भिसामा अमेरिका प्रवेशको अनुमति पुनः दिन थालिएको जनाएको छ । तर समग्रमा हेर्दा, राष्ट्रपति ट्रम्पको पछिल्लो निर्णयले अमेरिकी आप्रवासन नीतिलाई अझै कठोर बनाएको स्पष्ट देखिएको छ। एएफपी

# ६ महिनादेखि तलब नपाएपछि शिक्षक–कर्मचारी आन्दोलित

**मधेशदृष्टि**
**सर्लाही ।**
बसबरिया गाउँपालिकामा कर्मचारी, शिक्षक र स्वास्थ्यकर्मी ६ महिनादेखि तलब नपाएको विरोधमा अनिश्चितकालीन धर्नामा बसेका छन् । बुधबारदेखि गाउँपालिका कार्यालय परिसरमा शुरु भएको आन्दोलनले प्रशासनिक, शैक्षिक र स्वास्थ्य सेवा ठप्प बनाएको छ ।



चालु आर्थिक वर्ष २०८२–८३ को वार्षिक नीति तथा कार्यक्रम र बजेट समयमै पारित नहुँदा समस्या चुलिएको छ । कानुनअनुसार असारमै ल्याउनुपर्ने बजेट हालसम्म स्वीकृत नभएपछि गाउँपालिका मातहतका कर्मचारीहरूले ६ महिनादेखि तलब पाएका छैनन् । शिक्षकहरूको आन्दोलनका कारण सबै सामुदायिक विद्यालयमा पठनपाठन प्रभावित भएको छ भने स्वास्थ्यकर्मीहरूको धर्नाले स्वास्थ्य चौकी र आधारभूत स्वास्थ्य केन्द्रहरूको सेवा पनि ठप्प भएको छ । स्वास्थ्य शाखाले भने अनुसार औषधि खरिद गर्न नसक्दा अत्यावश्यक औषधिको अभाव देखिएको छ र आवश्यक परे स्वास्थ्य संस्था बन्द गर्नुपर्ने अवस्था आएको छ ।

त्रिभुवन माध्यमिक विद्यालय, मानपुरका प्रधानाध्यापक चन्द्रकिशोर रायले ६ महिनासम्म तलब नपाउँदा घरखर्च चलाउन कठिन भएको बताए । उनले भने, 'ऋण र सापटी गरेर ६ महिना काट्यौँ, अब तलब नआए विद्यालयहरू पूर्ण रूपमा बन्द गरेर आन्दोलनलाई कडा बनाउने बाध्यता छ ।'

गाउँपालिकामा बजेट पारित नहुनुको मुख्य कारण जनप्रतिनिधिबीचको आन्तरिक विवाद देखिएको छ । असारमै शुरु भएको गाउँसभाको उद्घाटन सत्रमा बजेट बाँडफाँडसम्बन्धी सहमति जुट्न नसकेपछि प्रक्रिया अल्झिएको हो ।

निमित्त प्रमुख प्रशासकीय अधिकृत मिनबहादुर थापाका अनुसार निरन्तर समन्वय प्रयास भए पनि सहमति बन्न सकेको छैन । गाउँपालिका अध्यक्ष रामसिंहासन रायले भने, 'उपाध्यक्ष सरिता कुमारीले उच्च अदालत जनकपुरमा मुद्दा दायर गरेपछि समस्या जटिल बनेको हो ।' अदालतले उपाध्यक्षको सहभागिविनै बजेट, योजना र राजस्वसम्बन्धी निर्णय नगर्न अन्तरिम आदेश दिएपछि गाउँपालिका अन्योलमा परेको छ ।

अध्यक्ष रायका अनुसार बहुमतको आधारमा बजेट पारित गर्न सकिन्थ्यो, तर अर्को कानुनी झमेलामा फस्ने डरले सहमतिमा समाधान खोज्ने प्रयास भइरहेको छ । मुद्दाको सुनुवाई पुस २२ गते मात्रै तोकिएको छ ।

बसबरियामा शुरु भएको आन्दोलनले कर्मचारी, शिक्षक र स्वास्थ्यकर्मीहरूको असन्तुष्टि स्पष्ट बनाएको छ । यसले गाउँपालिका सञ्चालनमा आएको प्रशासनिक र सेवा ठप्प भएपछि समस्या उजागर भएको छ । कर्मचारीहरूले तलब वितरण नहुँदा सेवा प्रवाहमा गम्भीर प्रभाव परेको भन्दै तत्काल बजेट निकासा गर्न दबाब दिएका छन् ।

# पुस ४ देखि एकमहिने निःशुल्क बृहत् स्वास्थ्य शिविर हुँदै

**महोत्तरी ।**
पुस ४ गतेदेखि एकमहिने परिवार व्यवस्थापन स्वास्थ्य शिविर (स्थायी बन्ध्याकरण शिविर) हुने भएको छ । जिल्ला स्वास्थ्य कार्यालयद्वारा सुनौलो परिवार नेपालको आर्थिक एवम् प्राविधिक सहयोगमा सञ्चालन हुने निःशुल्क शिविरमा जिल्लाका १५ पालिकाका विभिन्न ११ स्थानमा सञ्चालन हुनेछ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले पछिल्लो समय परिवार व्यवस्थापन सेवाअन्तर्गत विशेष गरेर बृहत् स्वास्थ्य शिविर सञ्चालनमा सेवा प्रदायक संस्थाहरुसँग थप सहकार्य र साझेदारीलाई समन्वयात्मक नीति लिएको छ । यसबाट परिवार व्यवस्थापन सेवा थप प्रभावकारी भएको जनाइएको छ । मन्त्रालयले परिवार व्यवस्थापनको घरदैलो सेवासमेत उपलब्ध गराउँदै आएको छ ।

जिल्ला जनस्वास्थ्य–स्वास्थ्य कार्यालयले पालिका तहसँग समन्वय गर्दै आफ्ना संयन्त्रमार्फत आवश्यक सेवाग्राही पहिचान गर्ने र परिवार व्यवस्थापन सेवा प्रदान गर्ने निकायले सेवाग्राहीलाई पायक पर्ने स्थानमै बन्ध्याकरण शिविर आयोजना गर्ने समझदारीको ढाँचामा सेवा प्रदान गर्न थालिएको छ ।

कार्यालयका प्रमुख नवलकिशोर साहले बृहत् स्वास्थ्य शिविरमा सन्तानका इच्छा पूरा भएका महिला, पुरुषहरुले स्थायी बन्ध्याकरण गराउन सकिने एवम् परिवार व्यवस्थापनका अन्य सेवा लिन सकिने जानकारी दिए ।

शिविरका 'फोकल पर्सन' सृजना यादवले शिविरमा महिलाहरुका लागि मिनील्याप र पुरुषको लागि 'भ्याक्सेटोमी सर्जरी'सहित आइयुसिडी र इम्प्लान्टको सेवासमेत प्रदान गरिने बताइन् ।

शिविरमा जिल्लाका १० नगरपालिकासहित पाँच गाउँपालिकाका ८ सय ७४ जनालाई स्थायी बन्ध्याकरणका सेवा उपलब्ध गराइने लक्ष्य रहेको जिल्ला स्वास्थ्य कार्यालयले जनाएको छ । शिविर पुस ४ गते जिल्लाको गौशाला नगरपालिकाको गौशाला अस्पतालबाट शुरु हुनेछ ।

यसैगरी स्वास्थ्य शिविर यही पुस ४ र ५ गते गौशालामा सञ्चालन हुनेछ भने ७ र ८ गते बर्दिवास नगरपालिकाको बर्दिवास अस्पताल, १० र ११ गते औरही नगरपालिकाको औरही अस्पतालमा सञ्चालन हुने जिल्ला स्वास्थ्य कार्यालयले जनाएको छ । यसैगरी १३ र १४ गते एकडारा गाउँपालिकास्थित एकडारा स्वास्थ्यचौकी, १६ र १७ गते बलवा नगरपालिकास्थित धमौरा स्वास्थ्यचौकी, १९ र २० गते रामगोपालपुर नगरपालिकास्थित रामगोपालपुर स्वास्थ्य केन्द्र, २२ गते सम्सी गाउँपालिकास्थित सम्सी स्वास्थ्य केन्द्र, २४ र २५ गते सोनमा गाउँपालिका स्थित सुन्दरपुर आधारभूत स्वास्थ्य केन्द्र, २७ र २८ गते पिपरा गाउँपालिकास्थित पिपरा अस्पताल, ३० गते मटिहानी नगरपालिकास्थित मटिहानी स्वास्थ्यचौकी र आगामी माघ २ र ३ गते भंगहा नगरपालिकाको भंगहा स्वास्थ्यचौकीमा शिविर सञ्चालन हुनेछन् ।

# खानेपानीको सङ्कट झेल्दै चुरेफेदका मेनहर्वावासी

**सिरहा ।**
लहान नगरपालिका–१५ स्थित मेनहर्वा बस्तीका स्थानीय लामो समयदेखि खानेपानीको सङ्कट झेल्दै आएका छन् । चुरेफेदको विकट क्षेत्र मानिने यस बस्तीमा भूमिगत पानीका स्रोत सुक्दै जाँदा स्थानीयलाई दैनिक जीवनयापनमै कठिनाइ भइरहेको छ ।

करिब ३५ दलित घरपरिवार रहेको यस बस्तीका बासिन्दा वार्षिक झण्डै छ महिना टाढाटाढाबाट घण्टौँ लगाएर पानी बोक्न बाध्य छन् । स्थानीयका अनुसार बस्तीको खानेपानी समस्यालाई मध्यनजर गर्दै गाडिएको डिप बोरिङबाट करिब चार वर्षसम्म पानी आएको थियो । तर अघिल्लो वर्षदेखि उक्त बोरिङ पूर्ण रूपमा सुकिसकेको छ ।

बस्तीका मोहन सदायले डिप बोरिङ सुक्दा आफूहरुको जीवन नै अस्तव्यस्त भएको बताए । उनले भने, 'अघिल्लो वर्षदेखि डिप बोरिङबाट पानी आउन छोड्यो । अहिले घण्टौँ लगाएर बानो गाउँको खोलामा खनिएको कुवाबाट पानी बोकेर खानुपरेको छ । मानिस र वस्तुभाउ दुवैले त्यही पानी प्रयोग गर्दै आएका छौँ ।'

विनिता सदायले विगत चार–पाँच वर्षदेखि चापाकलसमेत सुक्दा खानेपानीको समस्या झनै जटिल बन्दै गएको गुनासो गरे । 'पानी नभएकै कारण सरसफाइमा पनि समस्या छ । नुहाउन, कपडा धुन र खान सबैका लागि एउटै कुवाको पानी प्रयोग गर्नुपरेको छ,' उनले भने ।

आर्थिक रूपमा कमजोर र सुकुम्वासीले भरिएको यस दलित बस्तीमा आव २०७९–८० मा 'विपन्न परिवारका लागि सुरक्षित आवास कार्यक्रम' अन्तर्गत घर निर्माण गरिएको थियो । लहान नगरपालिकाबाट ४५ लाख ५१ हजार रुपैयाँ र हिल्टी फाउण्डेसनको सहयोगमा 'ह्याबिट्याट फर ह्युमानिटी' नेपालमार्फत ४४ लाख रुपैयाँको लागतमा २२ वटा जस्तापाताका घर निर्माण गरिएका थिए ।

'घर त बन्यो, तर खानेपानीको व्यवस्था भएन,' ७० वर्षीया जलेश्वरी सदायले दुःखेसो पोखे । वडाध्यक्ष तेजनारायण चौधरीले मेनहर्वावासीको खानेपानी समस्या समाधानका लागि नगरपालिकामा पहल भइरहेको जानकारी दिए । जलवायु परिवर्तनको असरका कारण चुरे क्षेत्रका कुँवा, इनार र खोलाहरू सुक्दै गएकाले यो समस्या स्थानीय तह मात्र नभएर राष्ट्रिय चुनौती बन्दै गएको उनको भनाइ छ ।

पछिल्लो समय चुरे क्षेत्रमा पानीको सतह गहिरिँदै जाँदा ठूला डिप बोरिङसमेत असफल भइरहेकाले यसको विकल्पबारे योजना बनाउनुपर्ने विज्ञहरू बताउँछन् । वातावरणविद् दिनेश यादव भन्छन्, 'डिप बोरिङ खानेपानी समस्याको दीर्घकालीन समाधान होइन भन्ने कुरा विभिन्न ठाउँका अभ्यासले प्रमाणित गरिसकेको छ ।

त्यसैले चुरे संरक्षणसँगै वन व्यवस्थापन, जलाधार संरक्षण र नदी कटान नियन्त्रणका लागि तीनै तहका सरकारले एकीकृत योजना बनाएर कार्यान्वयन गर्नुको विकल्प छैन ।' रासस

# जापान सरकारद्वारा धनुषामा दुई विद्यालय भवन निर्माण

**महेन्द्रनगर ।**
जापान सरकारको आर्थिक सहयोगमा धनुषामा दुई वटा सामुदायिक विद्यालयको भूकम्प प्रतिरोधात्मक एवम् सुविधासम्पन्न भवन निर्माण भएको छ । प्लान इन्टनेसनल नेपाल तथा आसमान नेपालको सहकार्यमा सञ्चालित शिक्षा परियोजनाअन्तर्गत विद्यालयको भवन निर्माण गरिएको हो ।

विदेह नगरपालिका–५ स्थित आधारभूत विद्यालय मुडिवामा ९४ लाख रुपैयाँ तथा जनकनन्दिनी गाउँपालिका–१ स्थित शङ्कर माध्यमिक विद्यालयमा एक करोड २५ लाख रुपैयाँको लागतमा विद्यालय भवन निर्माण गरिएको परियोजना कार्यालयले जनाएको छ ।

दुवै विद्यालयका भवन अपाङ्गमैत्री दुई तल्लाको चार–चार वटा कोठासहित पाँच–पाँच वटा शौचालय तथा स्वच्छ खानेपानी ट्याङ्की र धारासहित निर्माण गरिएको प्लान नेपालका पूर्वाञ्चल क्षेत्रीय प्रमुख रविशङ्कर पण्डितले जानकारी दिए । ती विद्यालयका भवन जीर्ण हुनुका साथै बालबालिकाको पठनपाठनमा समस्या भएकाले सुविधासम्पन्न भवन निर्माण गरी विद्यालयलाई हस्तान्तरण गरिएको उनले जानकारी दिए ।

नवनिर्मित विद्यालय भवनको जिल्ला समन्वय समिति धनुषाका प्रमुख राजनन्दन मण्डलको नेतृत्व, उपप्रमुख सङ्गीता ठाकुरको सहभागितासहित सरकारी तथा गैरसरकारी संस्थाका प्रमुख तथा प्रतिनिधिको टोलीले निरीक्षण गरेको छ । निरीक्षणपश्चात् प्लान इन्टरनेसनलको जिल्ला परियोजना सल्लाहकार समितिको बैठक बसेको थियो ।

बैठकमा प्लानका पूर्वाञ्चल क्षेत्रीय प्रमुख पण्डित र आसमान नेपालका सञ्जय पासवानले यी दुई संस्थाले बालबालिका तथा लैङ्गिक समानता र भौतिक पूर्वाधारसम्बन्धी गरेको कार्य तथा प्रगति, त्यसको उपलब्धिबारे जानकारी दिए ।

बैठकमा धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइँटेलले नेपाल सरकारको उद्देश्य तथा लक्ष्यलाई पूरा गर्न गैरसरकारी संस्थाहरूले महत्वपूर्ण भूमिका निर्वाह गरेर सहयोग गरिरहेका उल्लेख गर्दै यस्ता गैरसरकारी संस्थाहरूले थप प्रभावकारी कार्य गर्नुपर्नेमा जोड दिए ।

जिल्ला समन्वय समितिका प्रमुख मण्डलले गैरसरकारी संस्थाहरूले पालिकासँगको समन्वयमा शिक्षा, स्वास्थ्य, सरसफाइ तथा चेतनामूलक कार्यक्रमलाई प्रभावकारी रूपमा अगाडि बढाउनुपर्ने विचार व्यक्त गरे । प्लान इन्टरनेसनल नेपालले सन् १९७८ देखि नेपालमा सामाजिक तथा सचेतनाका क्षेत्रमा काम गर्दै आएको छ । हाल आफ्ना साझेदार संस्थामार्फत मधेस प्रदेशको चार जिल्लासहित १३ जिल्लामा कार्य गर्दै आएको छ । सो संस्थाले धनुषाको विदेह नगरपालिका, जनकनन्दिनी गाउँपालिका, सहिद नगरपालिका, कमला नगरपालिका र सवैला नगरपालिकामा लैङ्गिक समानता तथा भौतिक पूर्वाधार निर्माणसम्बन्धी विभिन्न कार्य गर्दै आएको छ । हाल नेपालमा सो संस्थाको लैङ्गिक समानतातर्फ प्रत्यक्ष रूपमा सात लाख र अप्रत्यक्ष रूपमा १५ लाख बालबालिका र किशोरकिशोरी एवम् महिलालाई लाभान्वित गर्नेगरी योजनाबद्ध काम गरिरहेको क्षेत्रीय प्रमुख पण्डितले जानकारी दिए ।

# वीरगंज भन्सारद्वारा पाँच महिनामा ९६ अर्ब ३८ करोड राजस्व सङ्कलन

**वीरगंज ।**
वीरगंज भन्सार कार्यालयले चालु आर्थिक वर्षको पाँच महिनामा ९६ अर्ब ३८ करोड रुपैयाँ राजस्व सङ्कलन गरेको छ । कार्यालयले गत आवको पाँच महिनाको तुलनामा चालु आवको सोही अवधिमा भने १२ अर्ब एक करोड रुपैयाँ अर्थात् १४ प्रतिशत बढी राजस्व सङ्कलन गरेको हो । जबकि कार्यालयले गत आवको पाँच महिनामा भने ८४ अर्ब ३७ करोड रुपैयाँ राजस्व सङ्कलन गरेको थियो ।

वीरगंज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक विष्णुप्रसाद ज्ञवालीले चालु आवको पाँच महिनामा राजस्व सङ्कलन उत्साहजनक रहेको बताए । 'कार्यालयले मङ्सिर महिनामा २१ अर्ब ३३ करोड रुपैयाँ राजस्व सङ्कलन गर्ने लक्ष्य राखेको थियो । तर, कार्यालयले यो महिनामा मात्रै लक्ष्यको ९८ प्रतिशतअर्थात् २० अर्ब ८० करोड रुपैयाँ राजस्व सङ्कलन गरेको छ ।'

प्रमुख भन्सार प्रशासक ज्ञवालीले चालु आवको पाँच महिनामध्ये सबैभन्दा धेरै राजस्व पनि मङ्सिर महिनामा सङ्कलन भएको बताए । साउनमा १८ अर्ब ४४ करोड रुपैयाँ, भदौमा २० अर्ब ७३ करोड रुपैयाँ, असोज महिनामा १९ अर्ब नौ करोड रुपैयाँ राजस्व सङ्कलन भएको थियो ।

त्यस्तै, कात्तिक महिनामा १७ अर्ब ३३ करोड रुपैयाँ र मङ्सिर महिनामा भने २० अर्ब ८० करोड रुपैयाँ राजस्व सङ्कलन भएको छ । भन्सार विभागले वीरगंज भन्सार कार्यालयालाई वर्षभरिमा दुई खर्ब ७३ अर्ब ३९ करोड रुपैयाँ राजस्व सङ्कलन गर्ने लक्ष्य दिएको छ । हालसम्मको पाँच महिनामा वार्षिक लक्ष्यको ८७ प्रतिशत राजस्व सङ्कलन भएको छ ।

# 'पिकअपभ्यान'सहित १७६ किलो गाँजा बरामद

**वीरगंज ।**
एक सय ७६ किलोग्राम गाँजा बोकेको पिकअप भ्यानसहित पर्सा प्रहरीले त्यसका चालकलाई पक्राउ गरेको छ ।

प्रहरी निरीक्षक अमृतबहादुर बस्नेतका अनुसार वीरगंज महानगर–१७ अलौबाट बा२१च ७८५५ नम्बरको भ्यानमा परालले लुकाइराखेको एक सय ७६ किलो गाँजा मङ्गलबार बरामद भएको हो । भ्यानका चालक रामेछाप खडादेवी गाउँपालिकाका २८ वर्षीय सुबराज श्रेष्ठ पक्राउ परेका छन् ।

# हरिखेतानमा विद्यार्थीहरुलाई स्वागत

**मधेशदृष्टि**
**वीरगंज ।**
हरिखेतान बहुमुखी क्याम्पसको कानून संकाय अन्तर्गत कक्षा ११ का विद्यार्थीहरूको स्वागत तथा कक्षा १२ का विद्यार्थीहरूको बिदाइ कार्यक्रम क्लासिक होटेलमा भएको छ ।

कार्यक्रममा विद्यार्थीहरूले विविध सांस्कृतिक नृत्य प्रस्तुत गर्दै माहोललाई उत्साहपूर्ण बनाएका थिए । कार्यक्रममा प्रमुख अतिथिका रूपमा नेपाल बार एसोसिएसन, पर्साका अध्यक्ष रामनारायण प्रसाद कुर्मीको उपस्थिति थियो । प्रमुख अतिथि कुर्मीले आफूले पनि यही क्याम्पसबाट अध्ययन गरेको स्मरण गर्दै विद्यार्थीहरूलाई उज्ज्वल भविष्यको कामना व्यक्त गरे ।

कार्यक्रममा क्याम्पसका शिक्षकहरू अमय दास, रामआशिष यादव, सुनिल यादव, प्रीती सिंह, रबिन्द्र यादव, अमृत चापागाईं, सिमा घिमिरेलगायतको उपस्थिति थियो । साथै, क्याम्पसका विद्यार्थीहरूको उल्लेखनीय सहभागिता थियो ।

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय
भूमि व्यनस्थापन तथा अभिलेख विभाग

**भूमि सुधार तथा मालपोत कार्यालय**
गौर, रौतहट ।

**हा. वा. मोठ भिडेको कट्टा सम्बन्धी हकदाबी वारे ३५ दिने सार्वजनिक सूचना ।**

यसमा जिल्ला रौतहट साविक गा.वि.स.झुन्खुन्वा वडा न. १ हाल राजदेवी ना.पा.-१ मा बस्ने ईशवर भगत राय यादव नाति कन्तलाल राय यादवको छोरा सुनिल कुमार यादवले रौ.जि.अ. गौरको मुढा नं.०७७-CP-०७६९ लेनदेन मुद्दामा मिति २०७७/१०/१८ गतेको फैसला मिति २०८२/०५/१२ गतेको डाकलिलाम मुचुल्का बमोजिम किशोरी राय र हरिन्द्र प्रसाद यादवको संयुक्त नाउँमा दर्ता कायम रहेको जग्गा जिल्ला रौतहट साविक गा.वि.स.झुनखुन्वा वार्ड नं.३ख किता नं.७११ को ज.वि.०-०-५-११ जग्गाको द.न.३२१३ मिति २०८२/०६/२४ गतेको माग निवेदन गरेकोमा मोठ भिडान हुदाँ मोठ कायम रही रोक्का नदेखिएको उक्त जग्गामा मिति-२०७७/०७/१७ गतेमा हा.वा. लिखत भिडेको भनि मोठफाटबाट लेखिआएको साथै मिति २०८२/०८/०३ गतेको आदेशा बमोजिम ७ प्रतिवादी किशोरी राय र हरिन्द्र प्रसाद यादवको नाउँमा म्याद जारी भइ म्याद बुझ्ने इन्कार गरेको यस कार्यालयमा उपस्थित नभएकोले तपशिलमा उल्लेखित किताको हालको बक्स पत्र लिखत भिडेको कट्टा गरी माग बमोजिम दा. खा. सम्वन्धी हकदावी वारे ३५ दिने सार्वजनिक सुचना प्रकाशित भई म्याद सकेपछि पेश गर्ने भनी मिति २०८२/०९/०१ आदेशा वमोजिम सोको हकदावी वारे यो ३५दिने सार्वजनिक सूचना जारी गरिएको छ। निजको तिनपुस्ता भित्रको नाता पर्ने अन्य कोही भए, अन्य कसैलाई असर पर्ने भए वा मिति-२०७७/०७/१७ गतेको हा. वा. मोठ भिडेको कट्टा हुनु नपर्ने कुनै कारण भए स-प्रमाण सहित आफु वा रित पूर्वकको वारेस मार्फत यो सूचना जारी भएको ३५ दिन भित्र यस कार्यालयमा प्रतिवाद गर्न आउनु होला अन्यथा कानून बमोजिम माग वमोजिम हा. वा. लिखत मोठ कट्टा भै दा. खा. भै जाने छ।

**तपसिल**

| जिल्ला | गा.वि.स. | वडा नं. | कि.नं. | क्षे.फ. | कैफियत | दर्तावाला |
|---|---|---|---|---|---|---|
| रौतहट | झुनखुन्बा | ३ख | ७११ | ०-०-५-११ | हालको बक्स पत्र लिखत मिति-२०७७/०७/१७मोठ भिडेको छ। | किशोरी राय र हरिन्द्र प्रसाद यादव<br>जि.रौ. सुनखुन्वा-४<br>बाबु- रामदेव राय यादव<br>बाजे-जिया राय यादव |

# कर्जा असुल्न जाँदा बैंक कर्मचारी कुट्ने दुई जना पक्राउ

**मधेशदृष्टि**
**राजविराज ।**
सप्तरीमा कर्जा असुलीका लागि खटिएका बैंकका कर्मचारीमाथि अमानवीय तथा अपमानजनक व्यवहार गरिएको घटनामा संलग्न रहेको आरोपमा प्रहरीले दुई जनालाई पक्राउ गरेको छ । बैंकबाट लिएको कर्जा समयमै नतिरेको विषयलाई लिएर उत्पन्न विवादले हिंसात्मक रूप लिंदा बैंकिङ क्षेत्रमा सुरक्षा र कानूनी प्रक्रियामाथि गम्भीर प्रश्न उठेको छ ।




ज्योति विकास बैंक लिमिटेडको बर्दिवासस्थित क्लस्टर कार्यालयबाट कर्जा असुली कार्यका लागि सप्तरी पुगेका दुई कर्मचारीमाथि आक्रमण भएको हो । पीडित कर्मचारीहरूका अनुसार कर्जा असुली प्रक्रिया अघि बढाउन खटिएका बेला उनीहरूलाई नियन्त्रणमा लिएर कुटपिट गर्नुका साथै सार्वजनिक रूपमा अपमान गरिएको प्रहरीले जनाएको छ ।
घटना मंसिर २४ गते दिउँसोको हो । कञ्चनपुर–फत्तेपुर सडक खण्ड अन्तर्गत बलारदह चौकमा रहेका बेला बैंक कर्मचारी सुनित श्रेष्ठ र सविन कुमार श्रेष्ठलाई एक्कासी घेरा हाली नियन्त्रणमा लिइएको थियो । त्यसपछि उनीहरूलाई जबर्जस्ती सप्तकोशी नगरपालिका–७ मा रहेको एक निजी एग्रो फर्मको परिसरमा लगिएको प्रहरीले जनाएको छ ।
प्रहरीका अनुसार त्यहाँ पुगेपछि उनीहरूलाई कालोमोसो दलिएको, जुत्ताको माला लगाइ फोटो तथा भिडियो खिचिएको र कुटपिटसमेत गरिएको थियो । साथै घटनामा एक कर्मचारीले लगाएको सुनको औँठी र सिक्री समेत लुटिएको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ । पीडितलाई लामो समयसम्म नियन्त्रणमा राखेर धम्की दिइएको र अपमानजनक व्यवहार गरिएको विवरण जाहेरीमा उल्लेख गरिएको छ ।
बैंकले कर्जा समयमै नतिरेपछि कानूनी प्रक्रियाअनुसार कर्जा असुली प्रक्रिया शुरु गरेको र सोही जिम्मेवारी पूरा गर्न कर्मचारीहरू सप्तरी पुगेको बताइएको छ । तर असुलीको प्रक्रिया हिंसात्मक अवरोधमा परेपछि घटना सार्वजनिक भएको हो ।
घटनापछि पीडित पक्षले मंसिर २९ गते जिल्ला प्रहरी कार्यालय सप्तरीमा जाहेरी दिएका थिए । जाहेरीका आधारमा प्रहरीले अनुसन्धान शुरु गर्दै घटनामा संलग्न रहेको आरोपमा दुई जनालाई नियन्त्रणमा लिएको हो । पक्राउ पर्नेहरू सप्तकोशी नगरपालिका–७ का ५२ वर्षीय संजिव कुमार चौधरी र अग्नीसाईर कृष्णसवरण गाउँपालिका–१ का ४७ वर्षीय उमाकान्त चौधरी छन् ।
प्रहरीले उनीहरूमाथि अपमानजनक व्यवहार गर्न नहुने, शरीर बन्धक बनाएको तथा ज्यान मार्ने उद्योगसम्बन्धी कसुरमा मुद्दा दर्ता गरेको जनाएको छ । सप्तरी जिल्ला अदालतबाट पाँच दिनको म्याद लिएर इलाका प्रहरी कार्यालय कञ्चनपुरमार्फत थप अनुसन्धान भइरहेको प्रहरीको भनाइ छ ।
प्रहरीले घटनामा संलग्न अन्य व्यक्तिहरूको खोजी तथा भिडियो–फोटोको स्रोतबारे समेत अनुसन्धान गरिरहेको जनाएको छ । प्रहरीले यस्ता गैरकानूनी गतिविधिमा संलग्न जो–कोहीलाई कानूनको दायरामा ल्याइने चेतावनी दिँदै कर्जासम्बन्धी विवाद भए कानूनी माध्यम अपनाउन आग्रह गरेको छ ।

# ई–रिक्सा व्यवस्थापनमा कडा नियमन गर्ने उपमहानगरको तयारी

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुरधाम उपमहानगरपालिकाले नगर क्षेत्रभित्र सञ्चालित ई–रिक्सालाई व्यवस्थित गर्न कडा नियमन गर्ने तयारी गरेको छ । अव्यवस्थित ई–रिक्सा सञ्चालनका कारण ट्राफिक अस्तव्यस्त भएको र सवारी दुर्घटनाको जोखिम बढेको निष्कर्ष निकाल्दै उपमहानगरपालिकाले चालक र नगरवासीलाई सहकार्य गर्न आग्रह गरेको छ ।
नगर कार्यपालिकाले बुधबार जारी गरेको प्रेस विज्ञप्तिमा ई–रिक्सा चालकबाट हुने दुर्व्यवहार, तोकिएकोभन्दा बढी भाडा असुली, जथाभावी पार्किङ र यात्रु चढाउने–ओराल्ने क्रममा ट्राफिक नियम उल्लंघन हुने गरेको उल्लेख गरिएको छ । उपमहानगरपालिकाले यस्तो गतिविधि सर्वसाधारण, पैदलयात्री, आन्तरिक तथा बाह्य पर्यटक, सुरक्षाकर्मी र नगरवासीका लागि असुविधाजनक भएको जनाएको छ ।
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार टेम्पो, अटो–रिक्सा तथा ई–रिक्सा जस्ता सवारी साधनको दर्ता, अनुमति, कर निर्धारण र नियमन गर्ने अधिकार स्थानीय तहसँग रहेको उल्लेख गर्दै उपमहानगरपालिकाले ई–रिक्सा दर्ता प्रक्रिया शुरु गरिसकेको जनाएको छ । आगामी दिनमा सञ्चालन अनुमति र नियमनलाई थप प्रभावकारी बनाइने छ ।
उपमहानगरपालिकाले नगरभित्र ई–रिक्साको चाप घटाउने र निश्चित मापदण्डअनुसार सञ्चालन सुनिश्चित गर्ने निर्णय गरेको छ । यसले ट्राफिक व्यवस्थापन सहज हुने, दुर्घटनाको जोखिम घट्ने र नगरको समग्र सौन्दर्यमा सुधार आउने विश्वास व्यक्त गरिएको छ ।
योजना अनुसार ई–रिक्सालाई पूर्ण रूपमा प्रतिबन्धित नगरी व्यवस्थित र नियन्त्रित रूपमा सञ्चालन गरिनेछ । उपमहानगरपालिकाले नगरलाई सफा, सुन्दर, सुरक्षित र व्यवस्थित बनाउन चालक, यातायात व्यवसायी, नगरवासी र सम्बन्धित सरोकारवालाको सहयोग आवश्यक रहेको स्पष्ट पारेको छ ।
साथै, जनकपुरधामको ऐतिहासिक, धार्मिक र पर्यटकीय महत्वलाई मध्यनजर गर्दै नियम पालना नगर्ने सवारीसाधनमाथि कडा कारबाही गरिने चेतावनी समेत जारी गरिएको छ । उपमहानगरपालिकाले व्यवस्थित यातायात प्रणाली विकास गर्न जारी प्रयासलाई थप सुदृढ बनाउन आवश्यक कदम चाल्ने जनाएको छ ।

# मुख्यमन्त्रीद्वारा विश्वासको मतका लागि प्रदेश सभामा पत्राचार

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशका मुख्यमन्त्री कृष्ण प्रसाद यादवले प्रदेशसभाबाट विश्वासको मत लिने औपचारिक प्रक्रिया अगाडि बढाएका छन् ।
मुख्यमन्त्री यादवले शुक्रबार प्रदेशसभामा विश्वासको मत लिने व्यवस्था मिलाइदिन आग्रह गर्दै मधेश प्रदेशसभा सचिवालयलाई औपचारिक पत्राचार गरेका हुन् । मुख्यमन्त्री यादवले शुक्रबार अपरान्ह ४ बजे प्रदेशसभामा विश्वासको मत लिन चाहेको उल्लेख गर्दै सचिवालयलाई आवश्यक कार्यसूची तय गर्न तथा व्यवस्थापन मिलाउन आग्रह गरेका छन् ।
मुख्यमन्त्रीको सचिवालयका अनुसार नेपालको संविधानको धारा १६८ अन्तर्गतको व्यवस्था बमोजिम विश्वासको मत लिने प्रयोजनका लागि बुधबार प्रदेशसभामा पत्र पठाइएको हो ।
नेपालको संविधानमा मुख्यमन्त्री नियुक्त भएको मितिले ३० दिनभित्र अनिवार्य रूपमा प्रदेशसभाबाट विश्वासको मत लिनुपर्ने संवैधानिक व्यवस्था छ । यही प्रावधानअनुसार तोकिएको समयसीमाभित्र विश्वासको मत लिने प्रक्रिया अघि बढाइएको मुख्यमन्त्री यादवको सचिवालयले जनाएको छ ।
मंसिर १९ गते नेपाली कांग्रेसका संसदीय दलका नेता रहेका यादव ७ दलका ७७ प्रदेशसभा सदस्यको समर्थनमा मधेश प्रदेशको मुख्यमन्त्रीमा नियुक्त भएका थिए । उनलाई नेपालको संविधानको धारा १६८ को उपधारा (२) बमोजिम प्रदेश प्रमुखले मुख्यमन्त्री नियुक्त गरेका थिए ।
मुख्यमन्त्री नियुक्तिपछि संवैधानिक बाध्यताअनुसार प्रदेशसभाबाट विश्वासको मत लिनुपर्ने भएकाले यादवले शुक्रबारको प्रदेशसभा बैठकमा विश्वासको मत लिने तयारी गरेका हुन् । यसका लागि प्रदेशसभा सचिवालयले विश्वासको मतसम्बन्धी कार्यसूची तयार गर्ने तथा आवश्यक प्रशासनिक व्यवस्थापनको काम अघि बढाएको जनाएको छ ।

# ३१ सदस्यीय लोकतान्त्रिक विद्यार्थी संघ धनुषा समिति गठन

**जनकपुरधाम ।**
धनुषामा लोकतान्त्रिक विद्यार्थी संघको ३१ सदस्यीय जिल्ला कार्यसमिति गठन गरिएको छ । प्रदेश अध्यक्ष त्रिदेव कुमार मिश्रको अध्यक्षतामा बुधबार सम्पन्न कार्यक्रममा रितिक राज झाको नेतृत्वमा नयाँ कार्यसमिति चयन भएको हो ।
कार्यक्रमका प्रमुख अतिथि लोकतान्त्रिक समाजवादी पार्टीका केन्द्रीय महासचिव परमेश्वर साहले विद्यार्थी राजनीति लोकतन्त्रको मेरुदण्ड भएको उल्लेख गर्दै संगठनलाई अनुशासित, वैचारिक र जनमुखी बनाउँदै अगाडि बढाउनुपर्नेमा जोड दिए । उनले भने, 'विद्यार्थी आन्दोलनबाटै सक्षम, इमान्दार र जिम्मेवार नेतृत्व उत्पादन हुन्छ ।'
विशिष्ट अतिथि तथा संघका केन्द्रीय अध्यक्ष रोशन मिश्रले नवनिर्वाचित कार्यसमितिलाई बधाई दिँदै शिक्षा, रोजगार र विद्यार्थी अधिकारका सवालमा सशक्त रूपमा आवाज उठाउन आग्रह गरे । उनले संगठनलाई जिल्लास्तरमा विस्तार गर्दै विद्यालय, क्याम्पस र समुदायसम्म पु¥याउनुपर्ने आवश्यकतामा जोड दिए ।
कार्यक्रममा लोकतान्त्रिक समाजवादी पार्टी प्रदेशका मुख्य सचिव रामविनोद चौधरी, जिल्ला अध्यक्ष जिवेन्द्र झा, उपाध्यक्ष शम्भु झा, क्षेत्रीय अध्यक्ष प्रदीप चौधरी, नगर अध्यक्ष वैदेही रमण, नगर सचिव प्रशान्त झा, राजविराज सभापति प्रवेश यादवलगायतका नेताहरू उपस्थित थिए । उनीहरूले संगठनले आगामी दिनमा शैक्षिक सुधार, विद्यार्थी हकहितको संरक्षण, सामाजिक जागरण र लोकतान्त्रिक मूल्य–मान्यताको प्रवद्र्धनमा सक्रिय भूमिका निर्वाह गर्ने विश्वास व्यक्त गरे ।
कार्यक्रममा विद्यार्थी नेता तथा कार्यकर्ताहरूको उल्लेखनीय उपस्थिति रहेको थियो ।

# राष्ट्रिय मुक्ति पार्टीको क्षेत्रीय संयोजकमा झा

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषा क्षेत्र नं. ३ मा राष्ट्रिय मुक्ति पार्टी नेपालले दीपक झालाई क्षेत्रीय संयोजकको रूपमा सर्वसम्मत चयन गरेको छ । पार्टीको क्षेत्रीय बैठकले संगठन सुदृढीकरण र राजनीतिक गतिविधिलाई प्रभावकारी बनाउन झालाई जिम्मेवारी सुम्पेको हो ।
पार्टीका अनुसार नयाँ संयोजक चयनसँगै क्षेत्रीयस्तरमा संगठन विस्तार, जनसम्पर्क र राजनीतिक सक्रियता बढाउने योजना बनाइएको छ । झाको नेतृत्वमा धनुषा क्षेत्र नं. ३ मा पार्टीको प्रभाव र कार्यक्षमता अझ सशक्त बन्ने नेतृत्वको विश्वास छ ।
संयोजक झाले आफूलाई दिइएको जिम्मेवारीप्रति आभार व्यक्त गर्दै पार्टीको नीति, सिद्धान्त र कार्यक्रमलाई जनतासम्म पु¥याउन प्रतिबद्ध रहने बताए । उनले क्षेत्रका नेता, कार्यकर्ता र समर्थकलाई एकताबद्ध बनाएर पार्टीलाई मजबुत बनाउने प्राथमिकता रहने पनि स्पष्ट पारे ।

# नवनियुक्त मन्त्री पटेलद्वारा पदभार ग्रहण

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशका नवनियुक्त उद्योग, वाणिज्य तथा पर्यटन मन्त्री कनिस पटेलले पदभार ग्रहण गरेका छन् ।
बुधबार बिहान मन्त्रालयमा आयोजित कार्यक्रममा पदभार ग्रहण गर्दै मन्त्री पटेलले मधेश प्रदेशका युवालाई केन्द्रमा राखेर नीति तथा कार्यक्रम अघि बढाउने प्रतिबद्धता व्यक्त गरे ।
पदभार ग्रहण गर्दै मन्त्री पटेलले प्रदेशमा बढ्दो युवाशक्ति र जेन्जी आन्दोलनको भावना र मर्मलाई आत्मसात् गर्दै मन्त्रालयले विशेष कार्यक्रम ल्याउने प्रतिवद्धता व्यक्त गरे । युवाहरूले शुरु गर्न लागेको व्यवसायलाई प्रोत्साहन गर्ने उद्देश्यले सहुलियत, छुट तथा अन्य आकर्षक व्यवस्था लागू गर्ने आफ्नो पहिलो प्राथमिकता रहेको उनले स्पष्ट पारे ।
मन्त्री पटेलले युवामैत्री उद्यमशीलता विकासका लागि नवीन योजना ल्याइने उल्लेख गर्दै सफल युवा उद्यमीहरूलाई पुरस्कृत गर्ने कार्यक्रमसमेत सञ्चालन गरिने जानकारी दिए । 'मधेशका युवामा अपार सम्भावना छ, उनीहरूलाई अवसर र प्रोत्साहन दिन सके प्रदेशको आर्थिक विकासले तीव्र गति लिन्छ,' उनले भने ।
यसका साथै मन्त्री पटेलले संघ सरकारसँग आवश्यक समन्वय गरेर मधेश प्रदेशमा धार्मिक तथा सांस्कृतिक पर्यटनको विकासका लागि ठोस योजना अघि बढाइने बताए । मधेशका धार्मिक, ऐतिहासिक र सांस्कृतिक स्थलहरूको पहिचान, प्रवद्र्धन र पूर्वाधार विकासमार्फत पर्यटन क्षेत्रलाई आर्थिक समृद्धिको आधार बनाइने उनको भनाइ थियो ।
उद्योग, वाणिज्य तथा पर्यटन क्षेत्र मधेश प्रदेशको विकासको मुख्य आधार रहेको बताउँदै मन्त्री पटेलले हाल सञ्चालनमा रहेका योजनालाई तीव्रताका साथ कार्यान्वयन गरिने बताए । चालु आर्थिक वर्षभित्र सम्भव भएसम्म ती योजना सम्पन्न गर्ने लक्ष्यसहित मन्त्रालय अघि बढ्ने उनको भनाइ छ ।
मंसिर २१ गते कृष्ण प्रसाद यादवले मधेश प्रदेशको मुख्यमन्त्री पदको शपथ ग्रहण गर्दा कनिस पटेल विनाविभागीय मन्त्रीका रूपमा मन्त्रिपरिषद्मा स्थान पाएका थिए । मुख्यमन्त्री यादवले दोस्रो चरणमा मन्त्रिपरिषद् विस्तार गर्दा पटेललाई उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयको जिम्मेवारी दिएका थिए ।

# सशस्त्र प्रहरीको नवनिर्मित ब्यारेक भवन उद्घाटन



**सिरहा ।**
सिरहा नगरपालिका–१९ सन्हैठास्थित सशस्त्र प्रहरी बल नेपाल नं ७ गण सिरहाको परिसरभित्र नवनिर्मित दुई तले ब्यारेक भवनको उद्घाटन गरिएको छ । सशस्त्र प्रहरी बल मधेश प्रदेश प्रमुख सशस्त्र प्रहरी नायब महानिरीक्षक कृष्ण ढकालले भवन उद्घाटन गरे । ढकालले शान्ति र सुरक्षाप्रतिको जिम्मेवारीलाई आत्मसात् गर्दै राज्यको निर्देशन अक्षरशः पालन गर्न सुरक्षाकर्मीलाई निर्देशन दिए । सीमा क्षेत्रमा हुने अवैध गतिविधि नियन्त्रणका लागि कडाइका साथ निगरानी बढाउन तथा नागरिकको जिउधनको रक्षा गर्न दिनरात क्रियाशील रहनुपर्ने उनको भनाइ थियो ।
वर्तमान सुरक्षा अवस्था संवेदनशील रहेको उल्लेख गर्दै सशस्त्र प्रहरी नायब महानिरीक्षक ढकालले जेन्जी आन्दोलनपछिको अवस्थामा सुरक्षाकर्मीको जिम्मेवारी थपिएको बताए । उनले शान्ति सुरक्षा कायम राख्दै आगामी निर्वाचनका लागि तयारीमा जुट्न पनि निर्देशन दिए ।
सीमा सुरक्षा मुख्य प्राथमिकता भएको भन्दै उनले अवैध आवतजावत, लागुऔषध, मानव तस्करी तथा चोरी तस्करी नियन्त्रणमा थप सक्रियता देखाउन आग्रह गरे । 'राज्यका सबै सुरक्षा निकायले हातेमालो गरेर अघि बढ्नुपर्छ, जनताले तिरेको करबाट बनेको भवनको सदुपयोग गर्दै अझ जिम्मेवार भएर शान्ति सुरक्षा कायम राख्नुपर्छ,' सशस्त्र प्रहरी नायब महानिरीक्षक ढकालले भने ।
सशस्त्र प्रहरी उपरीक्षक नरेश भण्डारीका अनुसार ब्यारेक भवन दुई चरणमा निर्माण गरिएको हो । पहिलो चरणमा ६१ लाख ७७ हजार रुपैयाँ र दोस्रो चरणमा ५४ लाख ६ हजार रुपैयाँ लागतमा भवन निर्माण भएको हो । नवनिर्मित भवन आवासीय प्रयोजनका लागि प्रयोग गरिनेछ ।
यसैगरी, बुधबार नै नवराजपुर गाउँपालिका–४ नवराजपुरमा सशस्त्र प्रहरी बलको बिओपी कार्यालयको पनि उद्घाटन गरिएको छ । बिओपी कार्यालय ३९ लाख ७० हजार रुपैयाँ लागतमा निर्माण गरिएको सशस्त्र प्रहरी उपरीक्षक भण्डारीले जानकारी दिए ।
कार्यक्रममा जिल्ला समन्वय समिति सिरहाका सभापति दिनेश महतोले नवनिर्मित संरचनाले सञ्चालनमा आएपछि सीमामा हुने सुरक्षात्मक गतिविधि अझ प्रभावकारी हुने विश्वास व्यक्त गरे । उद्घाटनमा औरही गाउँपालिका अध्यक्ष शिवजी यादव, सिरहाका प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेलसहित जिल्लास्थित चारवटै सुरक्षा निकायका प्रमुखहरूको उपस्थिति थियो ।
सिरहाको भारतसँग जोडिएको ४६ किलोमिटर सिमानामा सशस्त्र प्रहरी बल नेपाल नं ७ गण अन्तर्गत दुई सीमा सुरक्षा गुल्म र पाँच बिओपी गरी सातवटा युनिट सिमानामा छन् भने पाँच सुरक्षा वेश र जिल्ला सदरमुकाम सुरक्षा वेश एउटा गरी जम्मा १३ वटा कार्यालय छन् ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्क: वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालय: जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्ष: ध्रुव साह, सम्पादक: रामकुमार एलन